दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

मानव बेचविखन अपराध हो ।
- मानिसलाई भुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
-कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
-वेश्यागमन गर्न वा गराउने जस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।
यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।
त्यस्तो कार्य कहिकतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खवर गरौं ।
नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष ३७ | अंक २३५ | बुटवल | २०८२ भदौं ०४ गते, बुधबार | नेपाल संवत ११४५ | Wednesday August 20, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# उप-सभामुख हटाउने हस्ताक्षरमा कांग्रेस र नाउपा विभाजित




**लुम्बिनी संवाददाता**
*बुटवल*

उप-सभामुख इन्दिरा राना मगरलाई हटाउने प्रयोजनका लागि भएको हस्ताक्षरमा नेपाली कांग्रेस र नागरिक उन्मुक्ति पार्टी विभाजित भएका छन् ।

नेपाली कांग्रेसका नेता शेखर कोइरालाको पक्षबाट जम्मा एक जनामात्रै सांसद दिलेन्द्र बडुले हस्ताक्षर गरेका हुन् ।

नेपाली कांग्रेस संसदीय दलमा ८८ सांसदमध्ये कोइरालाको पक्षमा १६ जना सांसद रहेको उनी पक्षधरका नेताहरूले बताउँदै आएका छन् ।

मंगलबार भएको हस्ताक्षरमा बडूमात्रै उपस्थित भएका हुन् । यस्तै महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले पनि मंगलबार हस्ताक्षर गरेनन् । महामन्त्री थापा उप-सभामुख रानालाई हटाउनका लागि हस्ताक्षर गर्ने निर्णय भएको सोमबार साँझको उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकमा पनि सहभागी थिएनन् ।

महामन्त्री थापाको पक्षमा रहेकी सांसद सपना राजभण्डारीले भने हस्ताक्षर गरेकी छिन् । यसअघि पोहोर भदौ २५ गते पनि उप-सभामुख रानालाई हटाउने तयारी नेताहरूले गरेका थिए । त्यसबेला पनि शेखर कोइरालाले असहमति जनाएपछि रोकिएको थियो ।

चारजना सांसद रहेको नाउपाबाट विपक्षी बेञ्चमा बस्दै आएकी पार्टी अध्यक्षसमेत रहेकी सांसद रञ्जिता श्रेष्ठ चौधरी सत्तारूढ दलको बैठकमा सहभागी भएकी छिन् ।

पार्टीका अन्य तीन जना सांसद भने उपसभामुख हटाउने प्रस्तावको विपक्षमा उभिने भएका छन् । नाउपा अध्यक्ष रञ्जिता श्रेष्ठले उप-सभामुख इन्दिरा राना मगरलाई महाअभियोग लगाउने विषयमा निर्णय नभइसकेको बताएकी छन् ।

उनले संसदीय दलको बैठकमा यसबारे निर्णय लिइने बताइन् । नाउपाका चार सांसद छन् । सांसदहरू गंगाराम चौधरी, अरूण चौधरी र लालबीर चौधरीले विपक्षमा उभिने तयारी गरेको नागरिक उन्मुक्तिका नेता ठाकुरसिंह थारूले बताए ।

नाउपामा गंगाराम चौधरी संसदीय दलको नेता छन् । तर अध्यक्ष श्रेष्ठले गत साता उनलाई दल नेताबाट हटाइएको पत्र दिएकी छिन् । यसअघि नाउपाले सरकारबाट समर्थन फिर्ता लिएर विपक्षी बेञ्चमा गएको छ । कांग्रेस-एमालेले उप-सभामुख रानालाई हटाउने तयारी गरे पनि कांग्रेसभित्रै विवाद देखिएपछि गठबन्धन अन्योलमा देखिएको छ । कांग्रेसमा शेखर कोइराला पक्ष र नाउपामा समेत अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरीबाहेकका सांसद असन्तुष्ट देखिएपछि गठबन्धनमा अन्योल देखिएको हो । उप-सभामुख राना यतिबेला अमेरिका भ्रमणमा छिन् । उनी भदौ १३ गते मात्रै फर्कने कार्यतालिका छ ।

प्रतिनिधिसभा नियमावलीअनुसार उनलाई हटाउनुअघि स्पष्टीकरण दिने मौका दिनुपर्छ । नियमावलीको दफा २१२ (२) को व्यवस्था अनुसार आरोप लागेको व्यक्तिले आफूमाथि लागेका आरोपका सम्बन्धमा जवाफ दिनेछ भन्ने व्यवस्था गरिएको छ । यो व्यवस्थाका कारण रानालाई हटाउने प्रक्रिया अहिल्यै सुरु गर्ने कि फर्किएपछि गर्ने भन्ने विषयमा कांग्रेस-एमालेका नेताहरूबिच छलफल भइरहेको छ ।

सोमबार साँझ प्रधानमन्त्री निवास बालुवाटारमा कांग्रेस र एमालेका नेताहरूबीच उप-सभामुखविरूद्ध पदअनुसार आचरण नगरेको भन्दै हटाउने समझदारी जुटेको थियो । त्यसका लागि कांग्रेस र एमालेका सांसदहरूलाई बोलाएर हस्ताक्षर संकलन गरी सकिएको छ ।

उप-सभामुखलाई हटाउन संसदको दुई तिहाई बहुमत चाहिन्छ । प्रतिनिधिसभामा कांग्रेसका ८८ (मोहन बस्नेत निलम्बन), एमालेका एमाले सभामुखसहित ७९ (१ निलम्बन), जसपाका ७, जनमतका ६, लोसपाका ४ सांसद छन् ।

प्रतिनिधिसभामा २७५ मध्ये दुई तिहाइका लागि १८३ सांसद भए पुग्छ । तर कांग्रेसको शेखर कोइराला पक्षका कम्तीमा १५ सांसदले हस्ताक्षर नगरेकाले उपसभामुखलाई सहजै हटाउन कठीन पर्ने देखिएको छ । सत्तारूढ दुई दल कांग्रेस र एमालेले उप-सभामुख इन्दिरा रानामगरलाई बर्खास्त गर्न खोज्नुको खास भित्री कारण (अन्तर्य) संवैधानिक परिषद्मा बहुमत पुऱ्याएको विपक्षी दलहरूको दाबी छ ।

उप-सभामुख रानाले संसदको लेटरहेड दुरूपयोग गरेर अनधिकृत व्यक्तिहरूलाई अमेरिका पठाउनका लागि दूतावासमा सिफारिस गरेको विषयमा विवादमा मुछिएकी थिइन् । कांग्रेस र एमालेले यसैलाई लिएर बेलाबखत उनलाई पदबाट हटाउने कसरत गर्दै आएका छन् । यस पटकको कसरत चाहिँ अलि गम्भीर छ ।

हालै राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिषद्सम्बन्धी विधेयक अनुमोदन नगरिकन फिर्ता गरिदिएपछि एमाले झस्किएको थियो । हाल संवैधानिक परिषद्मा सत्तारूढ दलहरू अल्पमतमा रहेका छन् । परिषदमा प्रधानमन्त्री, सभामुख, राष्ट्रियसभा अध्यक्ष, प्रधानान्यायाधीश, उप-सभामुख र प्रमुख प्रतिपक्षी दलका नेता रहने संवैधानिक व्यवस्था छ ।

अहिले सत्तापक्षबाट प्रधानमन्त्री र सभामुख छन् । प्रधानमन्त्री केपी ओली र सभामुख देवराज घिमिरे एमालेका हुन् । प्रमुख प्रतिपक्षी दलका नेता पुष्पकमल दाहाल प्रचण्ड र राष्ट्रियसभा अध्यक्ष नारायण दाहाल माओवादीका हुन् भने उप-सभामुख राना रास्वपाकी हुन् । प्रधानान्यायाधीश तटस्थ रहन्छन् ।

प्रतिपक्षी दलकै तीनजना सदस्य भएकाले संवैधानिक परिषद्मा सत्तापक्ष अल्पमतमा रहेको छ । यसले गर्दा बैठक राखेर आफूहरूले चाहेबमोजिम नियुक्त गर्न सक्ने अवस्थामा प्रधानमन्त्री छैनन् । गठबन्धन सहयात्री दल कांग्रेसको परिषदमा प्रतिनिधित्व नै छैन । कांग्रेसले परिषद्मा भाग खोजेको र प्रधानमन्त्रीले सत्तापक्षको बहुमत पुऱ्याउन चाहेको हुँदा दुवैको स्वार्थ मिलेको हो ।

यदि उप-सभामुखलाई हटाउन सफल भएमा कांग्रेसबाट उप-सभामुख बनाउने रणनीति छ । त्यसपछि परिषद्का ३ सदस्यहरू सत्तापक्षका हुनेछन् र एमाले-कांग्रेसबिच हुने भागबण्डाअनुसार निर्णय लिन सहज हुने छ ।

## आरोप प्रमाणित गर्न रास्वपाको चुनौती

बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले उप-सभामुख इन्दिरा रानामाथि मानव तस्करीको आरोप प्रमाणित गर्न प्रधानमन्त्री केपी शर्मा ओलीलाई चुनौती दिएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले सोमबार साँझ बसेको कांग्रेससँगको बैठकमा उपसभामुख हटाउने प्रस्ताव गरेका थिए ।

रास्वपाले मानव तस्करीको मुद्दा उठाएर संसदमा विरोध गरिरहेको भन्दै प्रधानमन्त्री ओलीले रास्वपामै मानव तस्कर भएको आरोप लगाएका थिए ।

बालुवाटार बैठकबारे प्रकाशित समाचारबारे प्रतिक्रिया दिँदै रास्वपा उपसभापति डीपी अर्यालले आरोप प्रमाणित गर्न प्रधानमन्त्री ओलीलाई चुनौती दिएका हुन् ।

विकसित घटनाक्रमपछि सिंहदरबारमा बसेको विपक्षी दलको बैठक कक्षमा प्रवेश गर्नुअघि अर्यालले उप-सभामुख मानव तस्कर भएको प्रमाणित गर्न प्रधानमन्त्रीलाई चुनौति दिँदै आफूहरूले संसद्मा उठाएको भिजिट भिसा प्रकरणमा भएको मानव तस्करको विषय पुष्टि गर्ने बताएका छन् ।

## सशक्त प्रतिवाद गर्ने विपक्षीको निश्कर्ष



बुटवल । संघीय संसद्का विपक्षी दलहरूले उप-सभामुख इन्दिरा रानामगरलाई हटाउनेगरी सुरु भएको सत्तारूढ दलहरूको प्रयासको सशक्त विरोध गरेर जानुपर्ने निष्कर्ष निकालेको छ ।

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रको संसदीय दलको कार्यालयमा भएको बैठकले यस्तो निष्कर्ष निकालेको प्रमुख सचेतक हितराज पाण्डेले जानकारी दिए ।

कांग्रेस-एमालेका सांसदहरूले मंगलबार बिहानैबाट उप-सभामुख रानालाई हटाउनेगरी हस्ताक्षर अभियान चलाएको छ ।

उक्त अभियानको विरोध गर्दै प्रतिपक्षी दलहरूले सशक्त प्रतिवाद गर्ने बताएको हो ।

'विपक्षी दलको हिसाबले हामीमाथि भएको आक्रमण बेठिक छ । यस्तो प्रक्रिया पहिला पनि भएको थियो,' पाण्डेले भने-'संवैधानिक परिषद्को अवस्थालाई लिएर जुन प्रयास भइरहेको छ त्यसको सशक्त विरोध गरेर जान्छौं । विपक्षीहरू सशक्त विरोध गरेर जाने निष्कर्ष निस्कियो ।'

उनका अनुसार, यो विषय आज बुधबार बस्ने प्रतिनिधिसभा बैठकमा पनि उठाइने भएको छ ।

बैठकमा माओवादी अध्यक्ष प्रचण्डले यस विषयमा केहीबेर ब्रिफिङ गरेका थिए । ब्रिफिङका क्रममा उनले वर्तमान सरकार निरंकुशतावादतर्फ अग्रसर भएको र विपक्षीको घाँटी निमोठ्नेगरी अघि बढेको बताएका थिए ।

रूपन्देही ३ उप-चुनाव :

# संघीय लोकतान्त्रिक मोर्चालाई उम्मदेवारको झमेला




**टिआर शर्मा**
*बुटवल*

संघीय लोकतान्त्रिक मोर्चाबाट रूपन्देही ३ को उप-चुनावमा उम्मेदवारी पाएको नागरिक उन्मुक्ति पार्टी निर्वाचन आयोगमा दर्ता हुन नपाएपछि मोर्चालाई झमेला हुने भएको छ । मधेश केन्द्रीत सात दल सम्मिलत मोर्चाबिच नाउपाले उठाउने उम्मेदवारलाई अरू दलले समर्थन गर्ने सहमति भएको थियो ।

आगामी कात्तिक १७ गते रूपन्देही क्षेत्र नं. ३ मा हुने उप-निर्वाचनका लागि २६ राजनीतिक दल दर्ता गरेको छ ।

दल दर्ताका लागि आएका २७ राजनीतिक दलमध्ये कानुनी रित पूरा भएका २६ दललाई आयोगको सोमबारको निर्णयअनुसार दर्ता गरिएको सह-सचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिइन् । उनका अनुसार नेपालको संविधानको धारा २७१ र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४८ बमोजिम उप-निर्वाचनका लागि दल दर्ता गरिएको हो ।

आयोगले सबैभन्दा पहिले मङ्गोल नेशनल अर्गनाइजेशन दर्ता हुन आएको जनाएको छ । यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपालका लागि नेपाली पार्टी, जनमत पार्टी, राष्ट्रिय मुक्ति आन्दोलन नेपाल, जनता समाजवादी पार्टी, नेपाली कांग्रेस, राष्ट्रिय जनमोर्चा, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), जनप्रजातान्त्रिक पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) दर्ता भएका छन् ।

साथै नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी (पुष्पलाल), संयुक्त नागरिक पार्टी, नेकपा(एकीकृत समाजवादी), नेपाल समाजवादी पार्टी (नयाँ शक्ति), नेकपा(माले), राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, नेशनल रिपब्लिक नेपाल, राष्ट्रिय मातृभूमि पार्टी, नेपाली जनता दल दर्ता भएको छ ।

त्यस्तै, राष्ट्रिय यथार्थवादी पार्टी, नेपाल, राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाल जनमुक्ति पार्टी, हाम्रो नेपाली पार्टी, बहुजन शक्ति पार्टी, खम्बुवान राष्ट्रिय मोर्चा, नेपाल उप-निर्वाचनका लागि दर्ता भएको आयोगले जनाएको छ । आयोगले उप-निर्वाचनको कार्यतालिका सार्वजनिक गर्दै आगामी असोज २१ गते उम्मेदवार मनोनयन दर्ताको दिन तय गरेको छ ।  तराई/मधेश केन्द्रित राजनीतिक दलले आगामी कात्तिक १७ गते हुने रूपन्देही क्षेत्र नम्बर ३ को प्रतिनिधिसभा निर्वाचनमा नागरिक उन्मुक्ति पार्टी (नाउपा) का उम्मेदवार अगाडि सार्ने निर्णय गरे पनि नाउपा उप-चुनावमा भाग लिन नपाउने भएको छ ।

निर्वाचन आयोगले सोमबार दर्ता भएका २६ दलको सूची सार्वजनिक गरेको छ । तर उक्त सूचीमा नाउपा छुटेको छ ।

निर्वाचन आयोगका प्रवक्ता नीता पोखरेल अर्यालले दर्ताका लागि पेस गर्नुपर्ने विवरण पेस नगरेकाले नाउपा अयोग्य ठहरिएको बताइन् ।

एक हप्ताको समय दिँदा पनि नाउपाले आवश्यक प्रक्रिया पूरा नगरेको अर्यालको भनाइ छ ।

नाउपा संरक्षक रहेका रेशम चौधरीले अध्यक्ष रञ्जिता श्रेष्ठलाई हटाएर आफ्ना बुवा लालवीर चौधरीलाई पार्टीको नयाँ अध्यक्ष बनाएका थिए । तर, निर्वाचन आयोगले अध्यक्ष श्रेष्ठलाई नै वैधानिकता दिएको थियो ।

अब मधेशवादी दलले कुन पार्टीका उम्मेदवारलाई अघि सार्छन् भन्ने फेरि चर्चा सुरु भएको छ ।

राप्रपा सांसद दीपक बोहोराको निधन भएपछि यहाँ कात्तिक १७ गते प्रतिनिधिसभा उप-चुनाव हुँदैछ ।



## सम्पादकीय

# लुम्बिनी प्रादेशिक अस्पतालको नमूना काम

लुम्बिनी प्रादेशिक अस्पतालले रात्रिकालीन स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन रात्रिकालीन उपचारमा सहजीकरण गर्ने छुट्टै कर्मचारी व्यवस्थापन गर्नु स्वास्थ्य सेवालाई भरपर्दो र गुणस्तरीय बनाउन चालेको महत्वपूर्ण पाइला हो । रात्रिकालीन सेवालाई गुणस्तरीय र भरपर्दो बनाउन समन्वयका लागि छुट्टै अधिकृत तोकेर अस्पताल प्रशासनले अहिले भइरहेको समन्वयको अभावलाई हटाएर चुस्त बनाउन खोजेको छ । अस्पताल प्रशासनको यो निर्णयले अस्पतालको सेवा गुणस्तरीय हुने आशा गर्न सकिन्छ ।

अस्पतालमा साँझ ८ बजेदेखि बिहान ८ बजेसम्म प्रत्येक दिन फरक-फरक कर्मचारीलाई ड्युटी अधिकृतको रूपमा खटाएर रात्रीकालीन सेवालाई प्रभावकारी बनाउन थालेको छ । अस्पतालले कार्यविधि बनाएर अस्पतालको आकस्मिक कक्ष तथा मेडिकल वार्डमा भर्ना भएका बिरामीको उपचार व्यवस्थापन, रेखदेखसम्बन्धी सहजीकरण, समन्वय तथा अनुगमनको काम ड्युटी अफिसरले गर्नेछन् । ड्युटीमा खट्ने अधिकृतले अस्पताल प्रशासनलाई कामको जानकारी गराउनुपर्नेछ । अस्पतालले प्रदान गरिरहेको सेवालाई गुणस्तरीय र नागरिकमैत्री बनाउन लुम्बिनी प्रादेशिक अस्पतालले गरेको यो निर्णय नेपालमा सम्भवतः पहिलो हो । दिउँसो आउने बिरामीका लागि उपचार सहजीकरण सम्भव भए पनि रातिमा धेरै खालका समस्या हुन्छन् । रगतको अभाव, स्वास्थ्यकर्मीबिच समन्वयको अभाव, विशेषज्ञ डाक्टर आवश्यक भएमा उपलब्ध नहुने र अस्पतालबाट उपलब्ध अन्य सेवाप्रवाहमा हुने ढिलासुस्तीले अस्पतालको विश्वसनीयतामै प्रश्न उठ्न थालेपछि अस्पतालले रात्रिकालीन ड्युटी अधिकृत तोकेर काम थाल्दा अस्पताल प्रशासन बिरामीप्रति जवाफदेही र जिम्मेवार देखिएको छ ।

लुम्बिनी प्रादेशिक अस्पताललाई प्रदेश सरकारले गौरवको आयोजनाको रुपमा पूर्वाधार निर्माणको काम अघि बढाएर धमाधम ६ अर्ब लागतमा १० तले अत्याधुनिक भवन बनाउन थालिएको छ । १२ सय शैयामा अस्पताल विस्तार हुँदैछ । यो राजधानी बाहिरको ठूलो अस्पतालको रुपमा विशेषज्ञ सेवासहितको अस्पताल बन्दैछ । अस्पतालको पूर्वाधार जति राम्रो बन्दैछ, गुणस्तरीय उपचारका लागि मानव संशाधनको प्रयोगमा अहिलेदेखि नै समन्वय आवश्यक छ । अस्पतालको पूर्वाधार मात्रै प्रधान होइन्, पूर्वाधार साधन हो, मानव संशासनको परिचालन राम्रो भएन भने अपेक्षित नतिजा निकाल्न कठिन हुन्छ । अस्पतालको सेवा थपिँदै जाँदा गुणस्तरीय सेवा प्रवाहको अपेक्षा पनि उत्तिकै हुन्छ । गुणस्तरीय सेवा प्रवाहका लागि लुम्बिनी प्रादेशिक अस्पताल अग्रणी बन्दा अरुका लागि पनि अनुकरणीय हुनेछ, जसले यहाँको मात्रै नभएर मुलुककै स्वास्थ्य सेवालाई चुस्त र गुणस्तरीय बनाउन सघाउ पुग्नेछ ।

# नेप्से परिसूचक ६ दशमलव ५१ अङ्कले बढ्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार ६ दशमलव ५१ अङ्कले बढेर दुई हजार ७७६ दशमलव ९० को विन्दुमा कायम भएको छ ।

३१६ कम्पनीको एक करोड ३१ लाख २४ हजार ३१० कित्ता सेयर ६१ हजार ७८४ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब ६३ करोड ६५ लाख ४८ हजार ३८ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

सबै समूहको उपसूचक बढेको छ । बैङ्किङ शून्य दशमलव ४०, विकास बैङ्क शून्य दशमलव २०, वित्त शून्य दशमलव ०२, होटल तथा पर्यटन शून्य दशमलव ०५, जलविद्युत् शून्य दशमलव १६ र लगानी समूह शून्य दशमलव २१ प्रतिशतले बढेको छ ।

त्यसैगरी जीवन बिमा शून्य दशमलव २५, उत्पादन तथा प्रशोधन शून्य दशमलव ४६, लघुवित्त शून्य दशमलव १२, म्युचुअल फन्ड शून्य दशमलव २९, निर्जीवन बिमा शून्य दशमलव ११, व्यापार शून्य दशमलव १८ र अन्य समूह शून्य दशमलव ०९ प्रतिशतले बढेको छ ।

कारोबारमा सान्भी इनर्जी लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै छ दशमलव ९८ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने नारायणी डेभलपमेन्ट बैङ्क लिमिटेडको सेयर मूल्य सबैभन्दा धेरै छ दशमलव १४ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको रु ३१ करोड ७२ लाख ३७ हजार ८७२ बराबरको कारोबार भएको छ ।

कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै सानिमा लार्ज क्याप फन्डको पाँच लाख ४३ हजार छ सय कित्ता खरिदबिक्री भएको छ ।

# तिज गीत र लोकप्रिय संस्कृति



माया घिमिरे

तिजको समाजशास्त्र फेरिएको छ । सामाजिक चेतनामा आएको परिवर्तनले संस्कृतिमा रूपान्तरण ल्याएको छ । तिजको परम्परित धार्मिक तथा सांस्कृतिक अभ्यासले आश्रित पात्रका रूपमा परिचित महिलाकाले समता र समानताका आवाजसहित स्व पहिचान निर्माण गरेका छन् । नारी उत्पीडनका विरुद्ध अभिव्यञ्जित प्रतिरोधी चेतना र चिन्तनले संस्कृतिमा रूपान्तरण ल्याएको छ । हिजो हिन्दू नारीको मौलिक पर्वका रूपमा परिचित यो पर्व अहिले सबै जातिका नारकिो सामूहिक पर्व भएको छ । नारी जातिका समस्या र उत्पीडनले गीतमा स्थान पाएका छन् । यी गीत नारी स्वतन्त्रताको अभिव्यक्तिका माध्यम बनेका छन् । तिज गीतमा आएको रूपान्तरणले लोकप्रिय संस्कृतिको रूप धारण गरेको छ । वर्तमान समयमा सामाजिक सञ्जालमा आएका तिजका गीत सबैका मनमस्तिष्कमा बस्न सफल भएका छन्, परम्परित तिजका मान्यता र मानकलाई भञ्जन गर्दै सबै जाति, वर्ग र लिङ्ग नाच्न, गाउन र रमाउन थालेका छन् । यो पर्व माइती र चेलीको मिलनको पर्व मात्र नभएर सबै नेपालीको मिलनको पर्व बनेको छ । तिजका गीत अरू उत्सवमा पनि बज्न थालेका छन् । तिजका गीत बच्चादेखि वृद्धसम्म सबै उमेरका जनमानसमा प्रिय बनेका छन् । समकालीन समयमा तिजको परम्परित संस्कृतिमा परिवर्तन आएको छ । अहिलेका तिज गीतमा दमित र किनारीकृत आवाजले स्थान पाएका छन् । यी गीतमा अप्रतिनिधित्वका आवाज अभिव्यञ्जित भएका छन् । अहिलेका परिवर्तित तिज गीत आम जनसमुदायका मानिसद्वारा निर्मित छन् र समकालीन विषयवस्तुमा केन्द्रित छन् । यिनको मूल उद्देश्य सबैलाई मनोरञ्जन प्रदान गर्नु हो र यिनले मूलधारको संस्कृतिभन्दा पृथक रहेर आमजनमानसको अस्थिर संस्कृतिका रूपमा पहिचान निर्माण छन् ।

तिज हिन्दू महिलाहरूको मौलिक पर्व भए पनि समकालीन अवस्थामा यसको दायरा फराकिलो भएको छ । आजभोलि महिलापुरूष दुबै तिजको दरखाने कार्यक्रममा सहभागी हुने, तिज गीतमा नाच्ने, गाउने, रमाउने गरेका छन् । अहिले तिजका गीतको विषयवस्तुमा परिवर्तन भएको छ । सबै धर्म-सम्प्रदायका महिला मात्र नभएर पुरुष पनि यस पर्वको मनोरञ्जनमा सहभागी हुन थालेका छन् । अहिलेको तिज गीतका भाका र लय पनि फरक छन् । यो पर्वमा गाइने गीतको सांस्कृतिक रूपान्तरण भएको छ । अत :यो सबैलाई मनोरञ्जन प्रदान गर्ने लोकप्रिय संस्कृतिका रूपमा विकसित भएको छ । पौराणिक कालदेखि मनाइँदै आएको विश्वास गरिने यो पर्व विशेष खालको जीवनशैली र अभ्यासका कारण मौलिक नेपाली संस्कृतिका रूपमा प्रचलनमा छ । अहिले यो समूह संस्कृतिका रूपमाभन्दा पनि लोकप्रिय संस्कृतिका रूपमा सबैको मनमस्तिष्कमा रहेको छ । खाना नाना, गीत, नृत्य, चेतना ,चिन्तन, सहभागिता, भावना सबैमा रूपान्तरण भएको छ । हिजो शिवपार्वतीको आत्मिक प्रेम, दृढ सङ्कल्प, सङ्घर्ष, सङ्गी साथीको साथ, लक्ष्य प्राप्ति आदिसँग सम्बन्धित भगवानका गीत, पितृसत्तात्मक समाजव्यवस्थामा नारीका व्यथा, वेदना, उत्पीडन, चेली र माइतीको मिलनसँग सम्बन्धित थियो भने समकालीन समयमा तिजका गीत सबैका मनोरञ्जनका माध्यम बनेका छन्, परिवार, आफन्त, साथीसँगी जम्मा हुने, मीठोमसिनो खाने, सबै नाचगान गर्ने माध्यम मात्र बन्दा यसको मौलिकता र मर्मलाई पुस्तान्तरण गर्न गाह्रो देखिन्छ । कलासाहित्यमा भित्रिएको उत्तरआधुनिकतावादी उपभोक्तावादी दर्शनबाट पनि यो पर्व र यससँग सम्बन्धित गीत, गीतको वस्तुपक्ष, खाना, परिधान, तिजका परम्परित मूल्यमान्यताका साथै तिज मान्ने समयको दायरासमेत परिवर्तन भएको छ । यसका सकारात्मक र नकारात्मक दुबै पक्ष भए पनि पछिल्लो समयमा बजारमा आएका अरेली काँडैले, फाटिदे बादलु, चरी जेलैमा, लौरी हरायो, नभने दाइले आइन बोइनी माइत, अचम्मै राम्रो नाच्छे मोरीले, मेरो माया बसेको ठाउँमा, कस्लाई के को पिर, हाइ मेरो फरिया, म त ननाउरी आमै म त ननाउरी, तिजको लहर आयो बरिलै, लाइटै बालेर हेर मायाले, के छ खबर सुन्तली तिम्रा घरको, फूलैको थुँगा पुरानो डुँगा, मीठो खाने हो राम्रो लगाउने हो, यो तिजमा ढल्केर नाचिन्छजस्ता धेरै लोकप्रिय गीत आएका छन् । समकालीन नेपाली तिज गीतको परिवर्तित स्वरूपको अध्ययन तथा अवलोकन गर्दा यसको प्राप्तिका रूपमा लोकप्रिय संस्कृति विकसित भएको छ ।

लोकप्रिय संस्कृति अस्थिर विशेषता भएको तात्कालिक आवश्यकतामा आधारित विषयलाई प्रतिबिम्बन गर्ने सांस्कृतिक अवधारणा हो । सांस्कृतिक अध्ययनमा लोकप्रिय संस्कृतिको स्थापना, विकास र प्रसारमा सञ्चार माध्यमको महत्त्वूर्ण भूमिका रहेको छ भने यो निश्चित समयमा उत्कर्ष प्राप्त गर्ने संस्कृति रहेको छ । लोकप्रिय संस्कृति निश्चित परम्परित मान्यताको विपरीत ध्रुवमा स्थापित हुने अल्पकालीन चर्चामा रहने अवधारणा हो । लोकप्रिय संस्कृति एक दृष्टिमा परम्परागत मान्यताको विरोधी विषय हो भने अर्को दृष्टिमा यो समाजमा विद्यमान अनेकौं विषय मध्ये निश्चित मान्यताको प्रतिध्रुवमा स्थापित भएको अभिमत हो । लोकप्रिय संस्कृति सामाजिक विभेदसँग सम्बन्धित समस्यामा आधारित अलोकप्रिय, अस्थायी, न्यूनसंस्कृति तथा निश्चित व्यक्ति र समूहद्वारा निर्मित र प्रसारित सांस्कृतिक प्रतिनिधित्वको स्वरूप हो । लोकप्रिय संस्कृति निश्चित सामाजिक र सांस्कृतिक मान्यताविरोधी प्रतिरोधी चेतनाका रूपमा पश्चिमा भूगोलमा स्थापना भएको प्रतिरोधी आवाज हो । लोकप्रिय संस्कृतिको स्थापना दमित आवाजलाई पहिचान दिने प्रयोजनका लागि आरम्भ भए पनि समयान्तरसँगै यसको प्रभाव अल्पकालीन भएर पनि प्रतिरोधी चेतनाको अभिव्यञ्जना गर्ने माध्यम बनेको छ ।

परम्परागत संस्कृतिभन्दा भिन्न विशेषता भएको लोकप्रिय संस्कृति अलोकप्रियताका बीचमै सांस्कृतिक प्रतिनिधित्व स्थापित गर्ने अवधारणा हो । लोकप्रिय संस्कृति आम समाजको आचार, विचार रहनसहन तथा सभ्यताभन्दा भिन्न संस्कृति नभई समाजमै स्थापित तर सर्वस्वीकार्य हुन नसक्ने अवधारणाको प्रतिबिम्बन र प्रतिनिधित्व हो । सांस्कृतिक अध्ययनमा अत्यन्त चर्चामा रहे पनि यस संस्कृतिलाई स्वीकार गर्ने समूहको आवाज नै यसको मूलभूत विशेषता हो । लोकप्रिय संस्कृति धेरै मान्छेले रुचाएको, हीन कोटिको कार्य, समूहको मन जित्नका लागि गरिने कार्यविशेषका अतिरिक्त मान्छेद्वारा स्वनिर्मित संस्कृति भन्ने बुझिन्छ । लोकप्रिय संस्कृतिमा अभिव्यक्त भएका मान्यता परस्परागत सांस्कृतिक अवधारणाको प्रतिकूल भए पनि यो निश्चित समूहको आवाज प्रस्तुत गर्ने महत्त्वपूर्ण माध्यम हो । निश्चित मान्यताका विरुद्धमा प्रतिरोधी स्वर प्रस्तुत गरिने भएकाले लोकप्रिय संस्कृति आफैमा प्रतिनिधित्वको प्रक्रिया पनि हो । सांस्कृतिक अध्ययनमा लोकप्रिय संस्कृतिले लोकप्रिय संस्कृतिका माध्यमबाट प्रतिनिधित्व, पहिचान र राष्ट्रियताजस्ता विषयको अध्ययन गर्दछ । परप्परागत केन्द्रीकृत अवधारणाभन्दा भिन्न आवाजको प्रतिनिधित्व गर्ने भएकाले लोकप्रिय संस्कृतिमा बहुलताका विशेषता विद्यमान रहन्छन् । संस्कृति व्यक्ति वा समुदायको सिर्जनात्मक कलाबाट निर्मित र निर्देशित हुन्छ भने लोकप्रिय संस्कृति सामूहिक रूपमा उत्पादित कार्यका रूपमा सिर्जन गरिएको हुन्छ । लोकप्रिय संस्कृति अप्रतिनिधित्व भएका समूहका आवाज रहेकाले यो निश्चित अवधिपछि स्वत : हराउने सांस्कृतिक मान्यता हो । नेपाली तिज गीतको वर्तमान स्वरूप लोकप्रिय संस्कृतिमा रूपान्तरित हुँदै जानुको कारण यस पर्वसम्बन्धी परम्परागत जड र रूढ मान्यताको विरोधी मान्यता पनि हो ।

नेपाली तिज गीत परम्परागत मौलिकताका साथै रूपान्तरित संस्कृतिका अतिरिक्त लोकप्रिय सांस्कृतिक स्वरूपसहित स्थापित र विकसित हुँदै गएको छ । यस पर्वमा गायन गरिने गीतमा अभिव्यक्त लोकप्रिय संस्कृतिको उदाहरणका रूपमा निम्नलिखित गीत्यांश व्याख्येय रहेको छ :

अरेली काँडैले च्वास्सै च्वास्सै....
छैन नि साइली हाम्रा नि कमको ।
घुमाउरो जुँगा मेरा प्रितमको
ओइ है मेरी बास्सै......
अरेली काँडैले मलाई च्वास्सै च्वास्सै.....
ऐया नि बाबै लाजैले मरे ।
गाउँभरी हल्ला चलेको छरे ।
ओइ है मेरी बास्सै....
अरेली काँडैले मलाई च्वास्सै च्वास्सै....
इन्द्रको धनु शिवको डमरु ।
डमरु तालमा हल्ले म त मरु ।
शान्तिश्री परियार र प्रकाश सपुत,

प्रस्तुत तिज गीतमा सामाजिकता अन्तर्निहित भएर आएको छ । यो गीत मूल धारको तिज गीतभन्दा फरक किसिमको छ । यस गीतमा नेपाली समाजमा बसोबास गर्ने सबै वर्ग, लिङ्ग र जातिका मानिसहरू अटाउन र रमाउन सक्छन् । यस गीतमा पुरुष र महिला दुबैले नृत्य गरेका छन् । गीत परम्परित तिज गीतभन्दा नितान्त भिन्न प्रकृतिको छ । यसमा धर्म,पुराण, संस्कार आदिको विषयलाई भन्दा पनि सबै जाति र वर्गलाई प्रभाव पार्ने भाव अभिव्यक्त भएको छ । लोकप्रिय सस्कृति मजदुर, किसान, श्रमिक सबैको प्रिय हुन्छ । यस गीतमा पनि समाजका सबै मानिस रमाउन सक्छन् । अरेली काँढाले च्वास्स च्वास्स घोचेको विषयवस्तुको प्रस्तुतिमा गतिशील गीतको भावले सबैलाई समेटेको छ । ओइ मेरी बास्सै .... भन्दै गाइएको यस गीतले बच्चादेखि बृद्ध अवस्थाका मानिसको मन जितेको छ । तिज पर्वमा बजारमा आएको यस गीतलाई अन्य अवसरमा पनि बजाउने र यसको आस्वादन गरिने हुनाले तिज गीत लोकप्रिय सस्कृतिका रूपमा रूपान्तरण हुँदै विकसित भएको छ । सबै किसिमका पार्टी, वनभोजमा समेत यसले स्थान लिएको हुनाले यो लोकप्रिय संस्कृतिका रूपमा स्थापित भएको छ । सबैको सहभागिता रहने तिज गीतको लोकप्रियता प्रस्तुत गर्ने तिज गीतको नमूनालाई यसरी प्रस्तुत गरिएको छ :

हाइ मेरो फरिया !
झन् माथि सार्यो झन् तल झर्छ....
हाइ मेरो फरिया.....
झन् माथि सार्यो झन तल सर्छ हाइ मेरो फरिया ।
हे मेरी आमा पियारी छोरी खानु घिउ खाकी छ ।
कस्तो थ्यो यो जीऊ पहिले हेर हाड मात्रै बाँकी छ ।
विष्णु माझी,

प्रस्तुत तिज गीतमा न्यून र हीन संस्कृतिका रूपमा पहिचान बनाएको लोकप्रिय संस्कृतिमा सामाजिकता अन्तर्निहित भएर रहेको छ । यो गीत ठिमाहा प्रकृतिको छ । यो गीत सबै जनमानसको गीत भएको छ । यो गीतका भ्युज, सस्क्राइभ सामाजिक सञ्जालमा यसले ओगटेको स्थानले पनि लोकप्रिय बनेको छ । तिज गीतका रूपमा परिचित यो गीत सबै जाति, वर्ग, पेसाका मानिसको मनमस्तिष्कमा रहेको छ । यसको आस्वादन सबै जनमानसले गर्नसक्ने हुनाले यो गीतले लोकप्रिय सस्कृतिको पहिचान बनाएको छ । हाइ मेरो फरिया... बोलको गीतमा सबै जातिका मानिस गायन, नृत्यमा सहभागी हुनसक्ने हुनाले यो सबैको प्रिय बनेको छ ।

कस्ले भन्यो मोटी केटी राम्री हुन्न भनी ।
आज मैले त्यसको जवाफ दिन्छु गनी गनी ।
बीस किलोका खुट्टा मेरा दस किलाका हात छन् ।
एकै मुक्का हाने भने रगत रगत छाद्छन ।
सिरीसिरी हावा चल्यो भेरीको तिर ।
मै मोटी भएको दुनियाँलाई पिर ।
बाबै मै मोटी भएको दुनियाँलाई पिर ।
काली छु त काली कौवा भन्नै पर्ने हो र?
के को मेरो कालो तिम्लाई सर्ने हो र?
सिरीसिरी हावा चल्यो कालीको तिर ।
प्रीति आले,

प्रस्तुत गीतले परम्परित तिज गीतको मूल्यमान्यता, धर्म, पुराण, समाज, सस्कारभन्दा फरक भाव बोकेर आएको छ । यस गीतले समयसान्दर्भिक रूपमा नारीलाई प्रतिरोधी चेतना र चिन्तन थपेको छ । प्रीति आलेको यस गीतमा उत्तरआधुनिक तथा उत्तरसंरचनावादी मूल्यमान्यतालाई आत्मसात् गर्दै नवीन विषयवस्तुलाई आत्मसात् गरिएको छ ।

मूल धारको संस्कृतिभन्दा भिन्न किनारीकृत वर्गको संस्कृतिलाई आत्मसात् गरिएको यो गीतको विषयवस्तु शरीर राजनीतिसँग सम्बन्धित छ । नारीको मोटो शरीर राम्रो हुन्न भन्नेलाई गनीगनी जवाफ दिन्छु भन्दै गीतमा परम्परित पुँजीवादी तथा उपभोक्तावादी बजारव्यवस्थाले ल्याएका मूल्यमान्यताको विरोध गरिएको छ । गीतमा परम्परित तिज गीतका विपरीत पितृसत्ताको दास भएर हैन कि ती मान्यताका विपरीत किनारीकृत वर्गका दुब्ला, होचा, काला, मोटा नारीका शारीरिक संरचनाको विषयमा केन्द्रित भएर आएकाले समकालीन तिज गीतको संस्कृति रूपान्तरित भएको छ, यो सबैको प्रिय बनेको छ । यस गीतको मुख्य उद्देश्य सबै गायक, श्रोता तथा दर्शनको मन जित्नु हो । यस गीतको सङ्गीत पनि परम्परित सङ्गीतको भन्दा फरक किसिमको छ । किनारीकृत लिङ्गीका भावलाई समेटिएको यो गीतले बालक, बृद्ध, युवा सबैको मन जित्न सफल भएको छ । यो गीतको लोकप्रियतालाई सामजिक सञ्जालले पनि पुष्टि गरेको छ । तिजको समाजशास्त्रमा परिवर्तन आएको भावलाई गीतका माध्यमबाट यसरी प्रस्तुत गरिएको छ :

तिज आयो भनेर नहौं हामी अलमल ।
बसौं दिदी बहिनी हो गरौं छलफल ॥
मुक्तिका कुरा गरौं काम गर्ने बेलामा ।
अब हामी नबसौं जालझेलमा ॥
छोरालाई स्कुलमा छोरीलाई मेलामा ।
म छोरीको आँसु खस्यो दैला ठेलामा ॥
(गंगा पन्थी, तिलोत्तमा नगरपालिका )

प्रस्तुत गीतमा सभ्यताको विकास सँगसँगै तिजका परम्परित मूल्यमान्यतामा परिवर्तन आएको भाव अभिव्यञ्जित भएको छ । तिजको परम्परित मान्यताले धर्म, पुराण, समाज र संस्कारका नाममा पितृसत्ताको रक्षा कवच बनेर काम गर्ने हुनाले यस गीतमा उत्तरआधुनिक छाता शब्दभित्र समेटिने लैङ्गिक भेद त्यसबाट उत्पन्न उत्पीडनका विरुद्ध लैङ्गिक समता र समानताको भाव मुखर बनेर आएको छ । अब तिजलाई अलमल गरेर मनाउने चाडका रूपमा नभई पितृसत्तात्मक समाजका जालझेल विरुद्ध अघि बढ्ने पर्वका रूपमा मनाउनु पर्ने विषय अभिव्यक्त भएको छ । पुरुषबाट अधीनस्थ नारीहरुका उत्पीडनका भाव अभिव्यक्त यस गीतले परम्परागत मूल्यलाई भञ्जन गरी नयाँ चिन्तन, चेतना र ज्ञानको प्रसारण गरेको छ । सदियौंदेखि पितृसत्ताले थिचिएका, मिचिएका उत्पीडित नारीका भाव सबैको मनमस्तिष्कमा बस्न सफल भएका लोकप्रिय सस्कृतिका रूपमा विकसित परिवर्तित चेतना र चिन्तनका सबै जाति र उमेर समूहका महिलाका भाव गीतमा यसरी अभिव्यञ्जित भएको छ :

उच्च शिक्षा हासिल गरि विकास हाम्ले गर्ने हो ।
बराबरी अधिकार हाम्ले लिने हो ॥
हामी नारी एक ढिक्का भै अगाडि बढ्नु छ ।
आमा दिदीबहिनीको मुहार फेर्नु छ ॥
सधैंभरि कति बसौं जुठा भाडा माझेर ।
समाजमा कुरा गर्छौं दिल खोलेर ॥
दैलोकुचो ढिकीजातो भकाराको पेवालाई ।
बराबरी बाँडौं भनौ पुरुष समाजलाई ॥
(सिर्जना आचार्य, सन्धिखर्क नगरपालिका )

प्रस्तुत गीतमा लैङ्गिक समता र समानताको भाव व्यक्त भएको छ । यस गीतले नारीलाई शिक्षित र सचेत भई गतिशील हुन आह्वान गरेको छ । गीतमा सबै काममा समान भूमिकामा रहनुपर्ने भाव प्रस्तुत भएकाले सबैको प्रिय बनेको छ । गीतमा अप्रतिनिधिका रूपमा रहेका मूलधारमा समेटिन नसकेका नारीका दमित आवाजले महत्त्व पाएको छ । बराबर अधिकार लिएर विकास निर्माणका कार्यमासमेत समान सहभागिताको आवाज उठाएको यो गीत नयाँ पुस्तादेखि पुराना पुस्ताका सबै जनमानसको मन मस्तिष्कमा लोकप्रिय बनेर रहेको छ । मेरो माया बसेको गाउँमा ।

मेरो माया बसेको गाउँमा ।
बत्ती बाल्नै पर्दैन त्यो ठाउँमा ॥
के बिगार्यो सानुले मन पनि ।
सात दिनभयो आछैन फोन पनि ।
मेरो माया.....
बिजी भाछ कोसङग गफ हुन्छ ।
के हुन्छ के एकछिनमा अफ हुन्छ ॥
मेरो माया........
बिर्स्यो बिर्स्यो भन्छेउ त केको ।
रेकर्ड छैन एक सेकेन्ड बिर्सेको ॥
मेरो माया.....
मौरी डुल्दै हिडे झैं रसतिर ।
तिमी पनि डुल्छौ कि दशतिर ॥.(पशुपति शर्मा)

प्रस्तुत गीतमा खासगरी मायाप्रेमको भाव अभिव्यञ्जित भएको छ । यसमा आफ्नो प्रेमी बसेको ठाउँ त्यसै त्यसै उज्यालो भएको भाव अभिव्यञ्जित हुने विषय गीतका माध्यमबाट आएको छ । मायाले मन पनि बिगारेको र एकछिन पनि फोन नआउँदा बिर्सियो कि भनेर आत्तिएको भाव कवितामा आएको छ । यस गीतको शब्द, भाव, लय सबै लाकप्रिय संस्कृतिका उदाहरण हुन् । पितृसत्तात्मक समाजमा लैङ्गिक आधारमा किनारामा पुर्याइएकी नारीले घर गरेर खाने नाममा तिजमा माइत दर खान जान नपाएको गुनासो र आफूले भोगेको उत्पीडनलाई शब्द, भाव र लयको त्रिवेणीमा यसरी प्रवाहित गरेकी छ :

ओम नम सिवाय ओम नमोनम :
जेलैमा हो जेलैमा चरी जेलैमा ।
जेलैमा हो जेलैमा चरी जेलैमा ।
मै छोरी रुदैँ रुदैँ बेसी मेलैमा ।
तिजको दर खान मन थ्यो ।
माइती घर जान मन थ्यो ।
जेलैमा हो जेलैमा चरी जेलैमा ।
मै छोरी रुदैँ रुदैँ बेसी मेलामा ।
गाउकी केटी शहरैमा ।
दियौ बाबा रहरैमा । (विष्णु माझी)

यसरी तिज गीतमा आएको रूपान्तरणले लोकप्रिय संस्कृतिको रूप धारण गरेको छ । वर्तमान समयमा सामाजिक सञ्जालमा आएका तिजका गीत सबैका मनमस्तिष्कमा बस्न सफल भएका छन् ,परम्परित तिजका मान्यता र मानकलाई भञ्जन गर्दै सबै जाति,वर्ग र लिङ्गी नाच्न,गाउन र रमाउन थालेका छन् । यो पर्व सबै नेपालीको मिलनको पर्व बनेको छ ।

यस्ता गीत अरू उत्सवमा पनि बज्न थालेका छन् । तिजका गीत बच्चादेखि बृद्धसम्म सबै उमेरका जनमानसमा प्रिय बनेका छन् । समकालीन समयमा तिजको परम्परित संस्कृतिमा परिवर्तन आएको छ । अहिलेका तिज गीतमा दमित आवाजले स्थान पाएका छन् । यी गीतमा अप्रतिनिधित्वका आवाज अभिव्यञ्जित भएका छन् । अहिलेका परिवर्तित तिज गीत आम जनसमुदायका मानिसद्वारा निर्मित छन् । यिनको मूल उद्देश्य सबैलाई मनोरञ्जन प्रदान गर्नु हो र यिनले मूलधारको संस्कृतिभन्दा पृथक रहेर आमजनमानसको अस्थिर संस्कृतिका रूपमा पहिचान दिएका छन् । (राममणि बहुमुखी क्याम्पस)



**बागलुङको करिमेला गाउँ**

बागलुङको ताराखोला गाउँपालिका-५ स्थित करिमेला गाउँ। ताराखोलामा अधिकांश घर परम्परगत ढुङ्गाले छाएकाले चिटिक्क देखिन्छन्। तस्विर : खेमराज गौतम / रासस

# नमूना सदरमुकामकै भवनको छैन नक्सा पास



**रामकुमार श्रेष्ठ**

*नवलपुर*

करिब एक सय ८० विगाहा क्षेत्रफलमा नमूना सदरमुकाम भित्रको भवनहरु निर्माण कार्य अहिले धमाधम चल्दैछ। यहाँ २ पटक गरी लागेको ठेक्कबाट ९ वटा कार्यालय भवनका साथै सभाहल, गेट, वाल कम्पाउण्ड, केरुङ्गे खोलामा तटबन्धन, सडक कालो पत्रे लगायतका काम हुँदैछ।

दुई फरक निर्माण कम्पनीले काम थालेको हालको आयोजनाको लागत ५ अर्ब २१ करोड रहेको छ। नमूना सदरमुकामको डिपिआर बमोजिम सबै काम सक्न कुल १६ अर्ब २५ करोड ५३ लाख ९० हजार लाग्ने अनुमान गरिएको छ।

संघीय सरकार अन्तरगतको जिल्ला प्रशासन कार्यालय, नवलपुर जिल्ला अदालत, जिल्ला समन्वय समिति, सशस्त्र प्रहरी, कोष तथा लेखा नियन्त्रण कार्यालय, सभा हल र ४ वटा एकिकृत भवनको काम अघि बढिरहेको छ। तर यि भवनहरुको नक्सा भने अझै पास भएको छैन। यहाँ बन्ने संरचनाहरुको नक्सा तयार पार्ने, ठेक्का लगाउन सबै काम सघन शहरी तथा भवन निर्माण आयोजना चितवनले गर्दै आएको छ।

कुनै पनि संरचनाहरु निर्माण गर्दा स्थानीय तहमा नक्सा पास गर्नु प्रावधान रहेता पनि त्यसो नगरेको पाइएको हो। कावासोती नगरपालिकाका अनुसार सघन शहरी तथा भवन निर्माण आयोजना चितवनले नमुना सदरमुकाम भित्र निर्माण गरिरहेको कुनै पनि भवन तथा संरचनाको नक्सा पास गरेको छैन।

सघन शहरी तथा भवन निर्माण आयोजना चितवनका प्रमुख झपडबहादुर थापाले नमुना सदरमुकाम भित्र निर्माण भएका भवन तथा संरचनाहरुको नक्सा कावासोती नगरपालिकाबाट पास गराउनु पर्ने भए पनि आफूहरुले अझै पास नगरेको स्वीकार गरेका छन्। उनले अब प्रक्रियामा जाने पनि बताएका छन्।

पाँच वर्षअघि प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यास गरेको नवलपुरको नमुना सदरमुकामको काम यतिबेला तिब्रगतिमा अघि बढेको छ। सघन शहरी तथा भवन निर्माण आयोजना चितवनले रेखदेख गरेको संघीय सरकारको यो परियोजना ०८४ कार्तिक २८ भित्रै सम्पन्न हुने उल्लेख छ।

कावासोती नगरपालिका ३ मा रहेको स्थानीय ज्योतिकुञ्ज सामुदायिक वनको १ सय ७९ बिघा जमीन मन्त्रिपरिषद्को निर्णयबाट नेपाल सरकारको नाममा लालपुर्जा प्राप्त भएको थियो। हाल आयोजना स्थलमा चौधरी कन्स्ट्रक्सन प्रा.लि. गौर र समानन्तर-बुद्ध हिमाली जे.भि. पुरानो वानेश्वर काठमाडौंले निर्माण कार्य जारि राखेका छन्। प्रोजेक्ट इञ्जिनियर दिपेन्द्र केसीका अनुसार दैनिक २ सय पचास कामदारले आवासीय रूपमै काम गरेका छन्।

चौधरी कन्स्ट्रक्सन प्रालिले जिल्ला प्रशासन कार्यालय रहने भवनसहित २ वटा एकीकृत भवन बनाउँदैछ। २ वटा एकीकृत भवनमा ४ वटा सरकारी कार्यालय रहने छन्। यो ३ वटा भवनका लागि ३४ करोडमा ठेक्का गएको हो। पहिलो चरणको ३ वटा भवन निर्माणका लागि २०८१ साल असारमा साढे २ वर्षभित्र सक्ने गरी सम्झौता भएको थियो।

त्यसैगरी ८४ कार्तिकसम्म सक्ने गरी संघीय सरकारअन्तरगतको नवलपुर जिल्ला अदालत, जिल्ला समन्वय समिति, सशस्त्र प्रहरी, कोष तथा लेखा नियन्त्रण कार्यालय, सभा हल र २ वटा एकिकृत भवनको काम अघि बढिरहेको छ। त्यस्तै सोही समयमै सक्ने गरि ७ किलो मिटर बाटो कालो पत्रे, नाला, फुटपाथ, कम्पाउण्ड वाल र केरूङ्गे खोलामा ढेड किलो मिटर ग्याबियन भर्ने काम पनि एकसाथ अघि बढाइने भएको छ।

यो कामका लागि र समानन्तर-बुद्ध हिमाली जे.भि. पुरानो वानेश्वर काठमाडौंसँग २०८२ साल बैशाख २९ गते सम्झौता भएको हो। यसका लागि २०८४ साल कात्तिक २८ गते भित्र काम सम्पन्न गर्ने गरी ४ अर्ब ९२ करोडमा सम्झौता भएको सघन शहरी तथा भवन निर्माण आयोजना चितवनका इञ्जिनियर कुन्दन तिवारीले जानकारी दिए।

देशकै नमूना मानिएको सदरमुकाम स्थलमा संघीय सरकारका २२ र प्रदेशअन्तरगतका ११ कार्यालय रहने छन्। त्यस अतिरिक्त कावासोती नगरपालिकाको भवन, २५ हजार दर्शक अट्ने फुटबल रंगशाला र १५ हजार दर्शक क्षमताको क्रिकेट मैदान पनि यहिं बन्ने निधो भएको छ। पुरानो बजारबाट माथि सदरमुकाम पस्ने ठाउँमा अतिरिक्त एउटा गेट थप्नुपर्ने पूर्व संघीय सांसद तिलक महतले बताए। हाल मूल गेट र सहायक गेटहरूको पनि निर्माण कार्य जारी रहेको छ।

२०७२ सालमा नेपालको गणतान्त्रिक संविधान जारी हुँदा ७५ जिल्लाबाट मूलुक ७७ जिल्लामा परिणत भएको थियो। रूकुम र नवलपरासी टुक्रिएर पूर्वी रूकुम र नवलपुर गरि २ जिला थपिएका थिए। कान्छो जिल्ला नवलपरासी पूर्वका सरकारी कार्यालयहरूले भाडाका घरबाट सेवा प्रदान गर्दै आइरहेका थिए। आफ्नै भवन बन्ने भएपछि कर्मचारी र सेवाग्राहीहरू प्रत्यक्ष लाभान्वित हुने भएका छन्।

नमूना सदरमुकाम निमार्णका लागि सरकारले पहिलो चरणमा ८० करोड र दोस्रो चरणमा ४ अर्ब बजेट सुनिश्चित गरिसकेको छ।

त्यसैगरी कावासोतीका अन्य केही सरकारी कार्यालय, जनप्रतिनिधिले निर्माण गरेको संरचना र केही धनाढ्य व्यापारीहरुले निर्माण गरेका भवनहरुको पनि नक्सा पास नगरेको पाइएको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपुरको जिल्ला प्रहरी कार्यालय नजिकै बन्दै गरेको भवन, जिल्ला समन्वय समिति नवलपुरका प्रमुख बाबुराम विश्वकर्माले आफ्नो छोराको नाममा सञ्चालनमा ल्याएको सुनचाँदी पसलको भवन पनि नक्सा पास भएको छैन।

कावासोती नगरपालिकाका इञ्जिनियर पवन रुपाखेतीका अनुसार सेन्ट्रल कलेजले कावासोतीमा निर्माण गरेको भवन ४ तालको मात्र नक्सा पास भएको छ, तर उक्त भवन ७ तलाको निर्माण गरिएको छ।

त्यसैगरी कावासोती गुम्बा चोकमा केदार बास्तोलाले बनाएको घरको ४ तलाको मात्र नक्सा पाए भए पनि त्यो भन्दा बढी संरचना निर्माण गरेका छन्।

त्यसैगरी रामचन्द्र भण्डारीको भण्डारी हार्डवयर रहेको भवन र मध्यविन्दु कलेज जाने बाटो अगाडि विन्दु केसीले निर्माण गरेको घरको पनि नक्सा पास नभएको कावासोती नगरपालिकाले जनाएको छ।

# पाल्पा भलिबल संघलाई रणउजिरेश्वरी कपको उपाधि




पाल्पा। श्रीनगर भलिबल क्लबको आयोजनामा सम्पन्न दोस्रो रणउजिरेश्वरी भगवती कप प्रतियोगिताको उपाधि पाल्पा जिल्ला भलिबल संघले चुमेको छ। गत साउन २८ गतेदेखि सुरु प्रतियोगिताको सोमबार तानसेन टुँडिखेलमा सम्पन्न फाइनल प्रतियोगितामा फरइभर जापान जोकियो भलिबल क्लबलाई ३-२ सेटले पराजित गरेको हो।

पाल्पा भलिबल क्लबले २५-१७, २२-२५, २६-२८, २५-२१ र १३-१५ को सेटमा जापान टोकियो भलिबल क्लबलाई पराजित गरेको हो। पहिलो भएसँगै जिल्ला भलिबल संघ पाल्पाले नगद एक लाख ७५ हजार, ट्रफी, प्रमाणपत्र प्राप्त गरेका छन्।

उपबिजेता भएसँगै फरइभर जापान जोकियो भलिबल क्लबले नगद १ लाख २५ हजार ट्रफी र प्रमाणपत्र पाएको छ।

प्रतियोगितामा मणिमुकुन्द भलिबल क्लब रूपन्देहीले जिएम समाज नवलपुरलाई ३-१ ले पछि पार्दै तेस्रो भएको छ। मणिमुकुन्दले २८-२६, २५-१४, २१-२५ र २५-१६ को सेटमा नवलपुरलाई पछि पारेको हो। तेस्रो भएसंगै ६० हजार, ट्रफी र प्रमाणपत्र प्राप्त गरेको छ भने सान्तवना भएको नवलपुरले ३० हजार नगद ट्रफी र प्रमाणपत्र पाएको छ।

प्रतियोगितामा पुरूषतर्फ ५ टिमको सहभागिता रहेको थियो। विद्यागततर्फ उत्कृष्ट खेलाडी हिमाल सुनारी, बेष्ट सर्भर अशोक श्रेष्ठ, डिफेन्सतर्फ राजन दर्लामी, ब्लकर लोचन आले, सेटरमा दिपेश कुँवर, स्पाइकर सञ्जुविक्रम शाह भएको श्रीनगर भलिबल क्लबका अध्यक्ष कृष्ण आलेले जानकारी दिए। महिलातर्फ निस्दी भलिबल क्लबलाई पछि ३-० को सेटमा पछि पादै चण्डेश्वरी युवा क्लब रिब्दीकोट-६, ठिमुरे पहिलो भएको छ।

उसले २५-१३, २५-२० र २५-२३ को सेटमा पछि पार्दै पहिलो भएको हो। पहिलो भएसंगै प्रथम हुने चण्डेश्वरीले ३० हजार नगद, प्रमाणपत्र र ट्रफी प्राप्त गरेका छन्।

दोस्रो भएको निस्दीले नगद २० हजारसहित ट्रफि र प्रमाणपत्र प्राप्त गरेका छन्।

महिलातर्फ तेस्रो भएको कानुङ भलिबल क्लब पाल्पाले ३-० को सेटमा न्यु होराइजन भलिबल क्लब तानसेनलाई पछि पार्दै तेस्रो भएको छ। तेस्रो हुने कानुङ भलिबल क्लबले १० हजार नगदसहित ट्रफी र प्रमाणपत्र पाए भने सान्त्वना भएको न्यूहोराइजन हुनेले ५ हजार पुरस्कार प्राप्त गर्ने आयोजकको भनाइ छ।

विद्यागत महिलातर्फ उत्कृष्ट खेलाडी अनिसा रोका, डिफेन्समा रस्मिता गुरूङ, ब्लकर लोकमाया बयम्बु, सेटरमा प्रतिभा चौधरी, स्पाइकर सोईथापा र सर्भरमा रिचा गाहा भएको श्रीनगर भलिबल क्लबका सचिव दीपक चौहानले जानकारी दिए।

विजेता टिम तथा खेलाडीलाई लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री खेम सारू, श्रीनगर भलिबल क्लबका अध्यक्ष कृष्णबहादुर आले, नेपाली काग्रेस पाल्पाका जिल्ला सभापति हिमालदत्त श्रेष्ठलगायतले नगद पुरस्कार, ट्रफि, प्रमाणपत्र बितरण गरेका थिए।

स्वास्थ्यमन्त्री सारूले देश तथा विदेशमा नाम राख्ने खेलकुदको माध्यम भएकाले तल्लो तहबाटै खेलकुदलाई प्राथमिकता दिएर अघि बढाउनुपर्नेमा जोड दिए। उनले लुम्बिनी प्रदेश सरकारले पनि खेलुकदको क्षेत्रलाई महत्वका साथ हेरेर सोही अनुसारको बजेट व्यवस्थापन गर्दै आएको बताए।


**Kanchan Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Kanchan-02, Rupandehi**

**Lumbini Province, Nepal**

## Invitation for Online Bids

**Date of publication: 2082/05/04**

The Kanchan Rural Municipality has received funds to cover eligible payment under the Contract for the contracts named below.

| S. N. | IFB No./Works | Bid Security Amount (Nrs.) | Bid Doc. Fee | Avg. Annual Construction Turnover | Bid Capacity | Financial Resources | Contract of Similar Size and Nature | Bidding Process |
|---|---|---|---|---|---|---|---|---|
| 1 | KRM/WORK/ NCB/ 02/082/83 (Blacktopping of the road from Kutta through Bagahi Materiya to Mainiya) | 6,50,000.00 | 5,000 | 39 Millions (Nrs. 3,90,00,000.00) | 23 Millions (Nrs. 2,30,00,000.00) | 7 Millions (Nrs. 70,00,000.00) | at least One (1) Asphalt Blacktopped Contract within the last ten (10) years, with a value of at least NRs 1,03,39,000.00 ( 10.34 Millions) | NCB (1S2E) |

1. Eligible Bidder must bid Electronically through https://bolpatra.gov.np/egp/.
2. Bank Account No.
   Name of the Bank: NIC Asia Bank Ltd., Rudrapur Branch
   Account name :Kanchan Gaupalika Antarik Rajaswa Khata/ Kanchan Gaupalika Dharauti Khata
   Account No. : B0CA503262524006/ B0CA503262524005
3. Last date and Time of Bid Submission/Opening:

| SN | Particular | NCB |
|---|---|---|
| 1 | Last Date and Time of Bid Submission | B.S. 2082/06/05; 12:00 Hours |
| 2 | Last Date and Time of Bid Opening | B.S. 2082/06/05; 13:00 Hours |
| 3 | Pre-Bid Meeting Date and Time | B.S. 2082/05/29; 12:00 Hours |

4. Matters not covered in this notice shall be in accordance with prevailing rules and regulations of Nepal, PPA 2063 and PPR 2064
5. Any amendment in the tender notice or Bidding Document will be posted in the notice board at Kanchan Rural Municipality Office, Kanchan-02, Rupandehi and may visit in Office's Web site www.Kanchanmun.gov.np.
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.
7. For further information contact: 9857088246 or email: kanchan.mun@gmail.com.

**Chief Administrative Officer**



## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.को बिमालेख यही मिति २०८२।०३।२९ गते भैरहवादेखि बुटवल जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला

**नाम :** आर्या भण्डारी
**ठेगाना :** सिद्धार्थनगर-५, भैरहवा, रुपन्देही
**बिमालेख नं. :** २५३२०३३७१
**सम्पर्क :** ९८५७०२४३८१

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.को बिमालेख यही मिति २०८२।०३।२८ गते भैरहवादेखि परासी जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला

**नाम :** हरिष सेठिया
**ठेगाना :** सिद्धार्थनगर-५, भैरहवा, रुपन्देही
**बिमालेख नं. :** १५००२४९२२
**सम्पर्क :** ९८५७०३०५७३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

र.जि.हु.द.न.१३/०६३/०६४
२०८२ भदौं ०४ गते, बुधबार
Wednesday August 20, 2025
न.प.जि.प्र.का.द.न.४/०४५/०४६
दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# एकमहिने स्वस्थ मुख महाअभियान चलाइँदै




बुटवल । लुम्बिनी प्रदेशमै पहिलोपटक बुटवलमा मुख स्वास्थ्यको क्षेत्रमा क्रियाशिल संघसंस्थाको आयोजनामा स्वस्थ्य मुख महाअभियान सञ्चालन हुने भएको छ ।

स्वस्थ शरीरको लागि स्वस्थ मुख मूल नारा र पैसाको अभावमा कसैले दुखाइ सहन नपरोस्, कोही मुस्कुराउन नबिर्सियोस् मर्मका साथ महाअभियान सञ्चालन हुन लागेको हो ।

आधुनिक समाज डेन्टल केयरको प्राविधिक सहयोग एवम् लायन्स क्लब अफ रूपन्देही, रोटरी क्लब अफ लुम्बिनी स्टार्स, दारी ग्याङ र आधुनिक समाज विकास फाउन्डेशनको संयुक्त आयोजनामा महाअभियान भदौ ४ गतेदेखि सञ्चालन गर्न लागिएको पत्रकार सम्मेलनमार्फत् जानकारी गराइएको हो । मुख स्वास्थ्य अभियान्ता एवं आधुनिक समाज डेन्टल, बुटवलका अध्यक्ष अमृत भुसालका अनुसार मुख स्वास्थ्यको महत्वसहितको सचेतना पुऱ्याउन महाअभियान सुरु गर्न लागिएको हो ।

भदौ ४ गते बिहान ७ः३० बाट बुटवल ६ पुष्पलाल पार्कस्थित संस्थाको भवन अगाडिबाट प्रभातफेरीसहित महाअभियानको उद्घाटन हुने उनले जानकारी दिए ।

प्रभातफेरीपश्चात् पहिलो दिन दिनभर पुष्पलाल पार्कमै १० जना चिकित्सकसहित निःशुल्क मुख परीक्षण र मुख स्वास्थ्यसम्बन्धी प्रशिक्षण दिइने तथा भाद्र ५ गतेदेखि आश्विन १ गतेसम्म दैनिक ३ जना दन्त चिकित्सक र अन्य प्राविधिक टिमसहित बिहान १० गतेदेखि साँझ ६ बजेसम्म हरेक दिन निःशुल्क मुख परीक्षण र मुख स्वास्थ्यसम्बन्धी प्रशिक्षण कार्यक्रम चलाइने अभियानकर्ता अमृत भुषालले जानकारी दिएका छन् ।

भुसालका अनुसार राजनीतिक दल, स्थानीय तहका प्रमुख/उप-प्रमुख,स्वास्थ्यकर्मी, लेखक, शिक्षक, बुद्धिजीवि, व्यावसायिक संघ-संस्था, सञ्चारकर्मी, जनप्रतिनिधि, युवा क्लब लगायतको सहभागिता रहने अभियानमा पहिलो चरणको १ महिनाको अवधिमा करिव २० हजार जनालाई प्रत्यक्ष निःशुल्क मुख परिक्षण सङ्गै स्वस्थ मुखसम्बन्धी प्रशिक्षण दिइनेछ ।

प्रत्येक ६/६महिनामा एकपटक मुख स्वास्थ्य परीक्षण गर्न जनचेतना अभिवृद्धि गर्ने, शैक्षिक अभियानमार्फत् विद्यालयस्तरमा मुख स्वास्थ्य सम्बन्धी पाठ्यक्रम समावेश गराउने र शिक्षक/स्वास्थ्यकर्मीलाई आवश्यक तालिम प्रदान गर्ने, सामाजिक समावेशिता दन्त अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्ग सरहको हेरचाह गर्दै कृतिम दाँत उपचार गराउन वातावरण सिर्जना गर्ने मुख्य योजना रहेको उनले बताए ।

पत्रकार सम्मेलनमा बोल्दै लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ पि नेपालका डिष्ट्रिक्ट गभर्नर बालाराम भट्टराईले क्लबहरूले सामाजिक क्रियाककलापहरू गर्दै आएको र अहिलेसम्मका स्वास्थ्यसम्बन्धी अभियानहरूमा मुख स्वास्थ्यलाई बेवास्ता गरिएको हुँदा यसपटक यसलाई प्राथमिकतामा ल्याइएको बताए । दन्तरोग विशेषज्ञ डा.सुनिल खरेलले मुख स्वास्थ्यलाई उपेक्षा गरे क्यान्सरसहित गम्भीर रोग निम्त्याउन सक्ने भन्दै यस अभियानलाई जीवनशैलीमै सुधार ल्याउने अभियानका रूपमा लिनुपर्नेमा जोड दिए ।

पत्रकार सम्मेनमा रोटरी इन्टरनेशनल डिष्ट्रिक्ट ३२९२ का डिष्ट्रिक्ट गभर्नर विनोद कोइराला, लायन्स क्लब अफ रूपन्देहीका अध्यक्ष घनश्याम घिमिरे, रोटरी क्लब अफ लुम्बिनी स्टार्सका अध्यक्ष बिमल ढकाल, चार्टर्ड प्रेसिडेन्ट यादब भण्डारी, दारी ग्याङ रूपन्देहीका अध्यक्ष रमेश खनालल‌गायतले बोलेका थिए ।

आधुनिक समाज डेन्टलले गत वर्ष १ लाखभन्दा बढी विद्यार्थीलाई मुख स्वास्थ्य शिक्षा, विभिन्न जिल्लामा निःशुल्क शिविरलगायतका कार्यक्रम गर्दै आएको छ ।

# परमादेशपछि जसपा नेपाल विरोधमा




परासी । गौरमा भएको हत्याकाण्डको विषयमा अदालतले अनुसन्धान गर्न परमादेश दिएपछि जनता सामाजवादी पार्टी नेपाल नवलपरासीले विरोध जनाएको छ । सर्वोच्च अदालतले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलगायतविरुद्ध अनुसन्धान अघि बढाउन भन्दै परमादेश जारीको विरुद्धमा विरोध जनाएको हो ।

पार्टीले परासीमा पत्रकार सम्मेलन गरी १९ वर्षपछि ओली सरकारले परमादेश गराएको आरोप लगाउँदै त्यो मधेशी समुदायमाथि अन्याय भएको जिल्ला अध्यक्ष धरेन्द्र यादवले बताए ।

तत्कालीन मधेशी जनअधिकार फोरमले प्रशासनसँग अनुमति लिई ७ चैत २०६३ मा रौतहटको गौरस्थित राइस मिलको चौरमा गरेको कार्यक्रमसँग जुध्ने गरी माओवादी निकट मधेशी मुक्ति मोर्चाले त्यही स्थानमा कार्यक्रम राख्दा अप्रिय घटना भएकाले त्यसको जिम्मेवार माओवादी नै भएको अध्यक्ष यादवले आरोप लगाए । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले भूमि विधेयकमा असहमति जनाएपछि कांग्रेस एमाले गठबन्धन सरकारले राजनीतिक प्रतिशोध साँधेको बताए ।

अध्यक्ष यादवले सरकारले भूमि विधेयक र सर्वोच्च अदातले परमादेश फिर्ता नलिए मधेशमा फेरी जनविद्रोह गर्ने चेतवानी दिए । उनकाअनुसार भदौ ४ गते जिल्ला सदरमुकाममा बृहत् विरोध प्रदर्शन हुने छ । पत्रकार सम्मेलनमा पूर्वरक्षा राज्यमन्त्री रामबच्चन यादवले फेरि एक पटक कांग्रेस एमालेले मधेशमा विद्रोहको वातावरण बनाएको बताए । उनले मधेशी जनतामाथि विभेद गर्ने खालको भूमि विधेयकविरुद्धमा सबै मधेशी जनताले लडाई लड्न तयार भएर बस्न अपिल गरेका थिए ।




# संस्थागत क्षमता स्वमूल्याङ्कनमा तिलोत्तमा लुम्बिनीमा पहिलो




बुटवल । रूपन्देहीको तिलोत्तमा नगरपालिका स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको आर्थिक वर्ष २०८०/०८१ को नतिजामा देशकै दोस्रो तथा लुम्बिनी प्रदेशको पहिलो भएको छ ।

चितवनको खैरहनी नगरपालिका देशमै प्रथम भएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सोमबार यसबारे नतिजा प्रकाशित गरेको थियो । तिलोत्तमाअघिल्लो आर्थिक वर्ष पनि दोस्रो थियो ।

गाउँपालिका, नगरपालिकाको कार्यप्रकृया र उपलब्धिको लेखाजोखा गरी शासकीय प्रकृया र विकास व्यवस्थापनमा गर्नु पर्ने सुधारका क्षेत्रहरू पहिचान गर्ने आवधिक समीक्षाको आधार प्राप्त गर्ने र स्थानीय सरकारबिच स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराउने उद्देश्यले कार्यान्वयनमा रहेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनको आर्थिक वर्ष २०८०/०८१ को नतिजाको गुणस्तर परिक्षणको कार्य आर्थिक वर्ष ०८१/०८२ मा सम्पन्न भएको हो ।

तिलोत्तमासँगै गुल्मीको रूरूक्षेत्र गाउँपालिका छैटौं स्थानमा छनोट भएको छ । त्यस्तै चितवनको खैरहनी नगरपालिका प्रथम भएको छ । अघिल्लो आर्थिक वर्षमा प्रथम भएको धादिङको नीलकण्ठ नगरपालिका यस पटक तेस्रो भएको छ । त्यस्तै स्याङ्जाको अर्जुन चौपारी गाउँपालिका चौथो र धादिङकै बेनीघाट गाउँपालिका पाँचौस्थानमा छनोट भएको छ ।

छनौट भएका पालिकाहरूलाई यही भाद्र ६ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सभाहलमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री भगवती न्यौपानेले सम्मान गर्ने कार्यक्रम मन्त्रालयले तय गरेको छ ।

यो सफलतामा योगदान पुऱ्याउने सबैलाई मेयर रामकृष्ण खाँणले धन्यवाद व्यक्त गरेका छन् ।

# एक्रो केमद्वारा कार्पेन्टर भेटघाट




बुटवल । फर्निचर उद्योगका लागि आवश्यक सामान उत्पादन गर्दै आएको एक्रो केम इण्डष्ट्रिज प्रालि, भरतपुर चितवनले रूपन्देहीको शंकरनगर वनबाटिकामा कार्पेन्टर भेटघाट कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा करिब सयजना कार्पेन्टर सहभागी भएका थिए ।

बुटवलमा रहेका फर्निचर उद्योगी, हार्डवेयर व्यवसायी, प्लाई व्यवसायी तथा कार्पेन्टरहरूको सहभागिता रहेको कार्यक्रममा कम्पनीका सेल्स एण्ड मार्केटिङ म्यानेजर सुजनबाबु लोहनीले उद्योगको वस्तुस्थिति र बजार विस्तारबारे जानकारी गराएका थिए ।

उनले एक्रो कोल मरिटाइम, एक्रो कोल एसएच, राइनो कोल एसएच, राइनो कोल डब्लुजी र एबिसी कोल जस्ता उत्पादनले फर्निचर उद्योगलाई सजिलो र प्रभावकारी बनाउन ठूलो योगदान दिएको बताए ।

लुम्बिनी प्रदेशको आधिकारिक बिक्रेता न्यू लक्ष्मी शुभ ट्रेडर्स, कालिकानगर बुटवलका सन्तोष थापाले लुम्बिनी प्रदेशमा एक्रो केमका उत्पादनहरू प्रति व्यवसायी र कापेन्टरहरूको विश्वास बढ्दो रहेको बताए । उनले उत्पादनको गुणस्तर र उपलब्धता सहज भएकाले यसले स्वदेशी फर्निचर उद्योगलाई मजबुत बनाउन मद्दत पुऱ्याइरहेको धारणा राखे ।

त्यसैगरी फर्निचर संघ रूपन्देहीका उपाध्यक्ष नेत्र रूचाल, उत्पादन प्रमुख कृष्ण खनिया, विशाल घिमिरे र नेपाल पुँजी बजार संघ लुम्बिनी प्रदेश संयोजक माधव पाण्डेले मन्तव्य राख्दै एक्रो केमका उत्पादनले बजारमा प्रतिस्पर्धात्मक गुणस्तर कायम गर्न सफल भएको बताए ।

उनीहरूले आयात प्रतिस्थापन गर्दै स्वदेशी उद्योगलाई प्रवर्धन गर्ने कार्यमा एक्रो केमको भूमिका महत्वपूर्ण रहेको उल्लेख गरे । उद्योगको भगिनी संस्था राजदूत पेन्ट्स प्रालिले पनि निर्माण तथा फर्निचर क्षेत्रमा योगदान गर्दै आएको जानकारी दिइएको थियो ।

कार्यक्रमका सहभागीहरूले यस्तो भेटघाटले उद्योग, व्यवसायी र उपभोक्ताबीचको सम्बन्ध अझ प्रगाढ बनाउने र स्थानीय उद्योगलाई अझ मजबुत बनाउने विश्वास व्यक्त गरे ।

# 'सरकारी निकायले सूचना दिन अटेर गरे'

परासी । सरकारी निकायबाट आम नागरिकले सूचना पाउन नसकेको परासीमा भएको एक कार्यक्रममा बोल्ने सहभगीहरूले बताएका छन् । उनीहरूले सरकारी कार्यालय र स्थानिय तहबाट आम नागरिकले सूचना पाउन नसकेको बताए ।

परासीमा जिल्ला प्रशासन कार्यालय तथा जिल्ला हुलाक कार्यालयको संयुक्त आयोजनमा १९औं सूचना दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रममा सहभागिहरूले यस्तो बताएका हुन् ।

संविधानले सूचनाको अधिकार सुनिश्चित गरेपनि सरकारी कार्यालय र स्थानीय तहहरूले नागरिकलाई सूचना दिन अटेरी गर्दै आएको पत्रकार महासंघका पूर्व अध्यक्ष हरि शर्माले बताए ।

उनलेसूचनाको हकमा तीन महिनाका प्रत्येक कार्यालयहरूले गरेका कामको प्रगाती सर्वजनिक गरी आम नागरिकलाई सुचित गराउने निती भए पनि कागजमा मात्र सीमित भएको बताए ।

कार्यालयहरूले सूचना अधिकारी तोके पनि कार्यालय प्रमुखहरूले अधिकार नदिँदा सूचना पाउन समेत गाह्रो भएको शर्माले बताए ।

त्यस्तै पत्रकार महासंघका जिल्ला अध्यक्ष केशव पराजुलीले स्थानिय तहहरूले सही सूचना आम नागरिकलाई नदिने गरेको बताए । पत्रकारलेसरकारी कार्यालय वा स्थानीय तहमा सूचना माग्दा जाँदा तीन/चार महिनासम्म सूचना पाउन नसकेको जनाए । सूचना पाउने आम नागरिकको अधिकार भएको तरसूचना दिन अटेरी गर्ने गरेको उनको गुनासो छ ।

कार्यक्रम सहायक प्रमुख जिल्ला अधिकारी पोषणराज भण्डारी, रामग्राम नगरपालिकाकी उपमेयर सम्झना चौधरी, जिल्ला हुलाक कार्यालयका प्रमख रमेश ज्ञवाली, हुलाककार्यालयका सूचना अधिकारी टिकाराम तिवारीले सूचनाको हक सुनिश्चिता विषयमा आ-आफ्ना धारणा राखेका थिए ।

कार्यक्रममा सरकारी कार्यालयका सूचना अधिकारीहरू सहभागि भए पनि स्थानीय तहमा तोकिएको सूचना अधिकारीहरू अनुपस्थित थिए । नेपालको सबिधानको धारा २७ बमोजिम सूचनाको हकसम्बन्धी ऐन २०६४ जारी भई कार्यन्वयनमा आएको भदौ ३ गतेलाई राष्ट्रिय सूचना दिवसको रूपमा मनाउने गरिन्छ ।

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा
सादा डिजाइनका साथै
सम्पूर्ण छपाईको लागि सधै
हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com